# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 21.03.2025**

---

***Budget Session***

राज्य विधानसभाको बजट अधिवेशन आउँदो मंगलबार पच्चीस मार्चदेखि आरम्भ हुनेछ।

सिक्किम विभानसभा सचिवालयबाट प्राप्त जानकारी अनुसार चार दिने लामो अधिवेशनमा वित्तीय र विधायी कार्यवाही हुनेछन्।

---

***Governor***

राज्यपाल ओमप्रकाण माथुर आजदेखि मंगन जिल्लाको दुई दिने भ्रमणमा हुनुहुन्छ।

आज दिउँसो मंगन पुग्दा उहाँलाई अतिरिक्त जिल्लाधीश पेमा वाङछेन नामकर्पा र अन्य अधिकारीहरूले स्वागत गरे।

त्यसपछि लाचुङ जाँदा बाटामा श्री माथुरले मंगन जिल्ला मुख्यालय र चुङथाङ बीच सीमा सड़क संगठन BRO द्वारा सड़क मार्ग निर्माण कार्यको निरीक्षण गर्नुभयो।

---

***Organic Mela***

पाकिम सामुदायिक परिसरमा आज एक दिने लामो जैविक मेला प्रदर्शनी आयोजित भयो।

नाम्चेबुङ ग्राम पञ्चायत इकाई कार्यालयद्वारा आयोजना गरिएको जैविक उत्पाद बिक्री तथा प्रदशर्नीमा शिक्षा मन्त्री राजु बस्नेत मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

उहाँले कृषकहरूलाई लाभान्वित तुल्याउने उद्देश्यले शुरू गरिएको किसान क्रेडिट कार्ड योजनाको उल्लेख गर्नुभयो र सहभागीहरूसित खेतीपातीसँगै शिक्षामाथि ध्यान दिएर उद्यमिताको प्रवर्ध्दन गरी राज्य सरकारको सुनौलो र समृध्द सिक्किमको लक्ष्य प्राप्त गर्ने दिशामा योगदान दिने आग्रह गर्नुभयो।

यसअघि श्री बस्नेतले विभिन्न प्रकारका जैविक उत्पाद र सागसब्जीहरू राखिएका स्वयं सहायता समृहहरूको स्थलको भ्रमण गर्नुभयो।

कार्यक्रममा गरीबी रेखा मुनिका परिवारहरूलाई स्वास्थ्य बीमा कार्ड वितरण गरियो।

---

***Health Camp***

सिक्किम राज्य महिला आयोगले रास्ट्रिय महिला आयोग र काबी रोङपा ग्राम पञ्चायत इकाइसित मिलेर आज कावीमा जनजाति महिलाहरूका लागि स्वास्थ्य शिविर आयोजना गरयो।

यसमा बोल्दै सिक्किम राज्य महिला आयोगकी अध्यक्ष Tan डोमा भुटियाले महिलाहरूका कल्याणार्थ राज्य सरकारका पहलहरूका प्रकाश पार्नुभयो।

उहाँले आयुस्मान भारत स्वास्थ्य खाता ABHA योजना वृध्दावस्था अनि दिब्याङ्ग भक्ता र अन्य योजनाहरूबारे पनि अवगत गराउनुभयो।

घरेलु हिंसा, POCSO ऐन र मानसिक स्वास्थ्य सम्बन्धी विषयहरूबारे चर्चा गर्दै आयोगकी सदस्य सचिव युसा लाचेनपाले सहभागीहरूसित मानव तस्करी, अल्प उमेरमा विवाह र साइबर अपराधका मामिलाहरूको रोकथामका लागि सोसियल नेटवर्क प्लेटफर्महरूको प्रयोग गर्दा सतर्क रहने आग्रह गर्नुभएको छ।

---

***Meeting DEO, EROS***

भारतको निर्वाचन आयोगको निर्देश अनुरूप सोरेङका जिल्ला निर्वाचन अधिकारी मतदाता पञ्जीकरण अधिकारीहरू र राजनीतिक पार्टी प्रशासनिक केन्द्रमा हिजो बस्यो।

यसमा नामाङ्कनका लागि योग्यता शर्तहरू आधार तिथि, संशोधन सम्बन्धी गतिविधिहरू, व्यवस्थित मतदाता शइक्षा तथा मतदाता सहभागिता मतदाता सूचीको संशोधन दिब्याङ्ग शिविर, मतदाता साक्षरता क्लब र अन्य विषयहरूबारे चर्चा गरियो।

आफ्नो बक्तव्यमा जिल्ला निर्वाचन अधिकरी धीरज सुबेदीले उद्देश्य रहेको कुरो बताउनुभयो। सिक्किम क्रान्तिकारी मोर्चा पार्टी एस के एम सिटिजन एक्शन पार्टी सिक्किम र भारतीय जनता पार्टी, बिजेपीका प्रतिनिधिहरू सहभागी बने।

---

***Asmita City League***

कार्यद्वारा महिलाहरूलाई प्रेरित गरी खेलकुदमा सहभागी बनाउने उद्देश्य लिएर रेशीथाङमा आजदेखि ASMITA सिटी लागी शुरू भएका छ।

दुई दिवसीय प्रतियोगिताको आयोजना राज्यको खेल तथा युवामामिला विभाग र रेशीथाङको खेलो इण्डिया राज्य उत्कृष्ट केन्द्र सिक्किम गरिरहेछन्।

यसमा धनुकाँड़, एथलेटिक्स र बाक्सिङमा प्रतिस्पर्धा हुनेछ।

महिलाहरूमा खेलकुदको प्रवर्ध्दन र सहभागिता बढ़ाउनु अनि उनीहरूलाई प्रतियोगिताहरूमा अवसर प्रदान गर्नु ASMITA सिटी लीगको लक्ष्य हो।

उद्घाटन कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै राज्य विधानसभाकी उपाधक्ष्य राजकुमारी थापाले भन्नुभयो खेलकुद शारीरिक र मानसिक रूपले स्वास्थ्य रहने शक्तिशाली माध्यम मात्र नभएर व्यावसायिक रूपमा लिन सकेमा यसद्वारा रास्ट्रिय तथा अन्तर्रास्ट्रिय स्तरमै नाम र यश कमाउन सकिन्छ।

उहाँले भन्नुभयो सिक्किम सरकारले आवश्यक पूर्वाधार र सुविधाहरू उपलब्ध गराएर खेललाई प्राथमिकता दिएको छ।

यसअघि खेलो इण्डियाका नोडल अधिकारी जिग्मी वाई लेप्चाले भन्नुभयो ASMITA सिटी लीग तृणमूल स्तरका महिला एथलेटहरूलाई क्षमता प्रदर्शन अवसर प्रदान गर्ने अनि समावेशनको भावना जगाउने मञ्च हो।

यस अवसरमा अन्य वाहेक अप्पर बुर्तुक समष्टिकी विधायक कला राई पनि उपस्थित हुनुहुन्थ्यो।

---

***Weather***

मौसम विभागले अघिल्ला दुइ दिन पूर्वी र मध्य भारतका केही भागहरूमा पानी पर्ने अनुमान ब्यक्त गरेको छ।

झारखण्ड, पश्चिम बंगाल र उत्तरी ओडिसाका केही स्थानहरूमा घनघोर वर्षा हुन सक्नेछ भने पूर्वी मध्य प्रदेश, छत्तीसगढ़ मध्य महाराष्ट्र, पश्चिम बंगाल, बिहार, झारखण्ड र ओडिसामा आज र भोलिनै पानी पर्ने सम्भावना ब्यक्त गरिएको छ।

यसैवीच राज्यमा आज दिन धुम्मिएकाले मानिसहरूलाई निकै जाड़ोको अनुभव गरायो।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान सोह्र दशमलउ पाँच डिग्री सेल्सियस र न्यूनतम तापमान बाह्र दशमलउ एक डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि तापमान अझै कम्ती हुने पूर्वानुमान गरेको छ। यो अधिकतम सोह्र डिग्री सेल्सियस र न्यूनतम बाह्र डिग्री सेल्सियस रहनेछ।

---